# अपहरित बालकको हत्या तीनजना पक्राउ

तिवारी यादव/नयाँ पत्रिका
वीरगन्ज, १७ जेठ



गत शुक्रबार घरबाट अपहरणमा परेका बालकको शव गाडिएको अवस्थामा फेला परेको छ। वीरगन्ज महानगरपालिका-३ प्रगतिनगरका शम्भु साहका आठ वर्षीय छोरा करण साह बाराको कलैया उपमहानगरपालिका २५ मा पर्ने खौरहीस्थित खोलामा हत्या गरी शव फालिएको अवस्थामा बुधबार बिहान फेला परेका हुन्। शव गाडिएको स्थान देखाएर भाग्न खोज्ने दुईजनालाई प्रहरीले नियन्त्रणमा लिएको छ। उनीहरूलाई नियन्त्रणमा लिन प्रहरीले गोलीसमेत चलाएको थियो।

बालकलाई अपहरण गरी हत्या गरेको आरोपमा प्रहरीले एक भारतीय नागरिकसहित तीनजनालाई पक्राउ गरेको छ। शुक्रबार अपहरणमा परेका प्रगतिनगरका करणको अपहरण र हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले भारत बिहारको बेतिया स्थायी घर भई वीरगन्जको प्रगतिनगरमा डेरा गरी बस्दै आएका २० वर्षीय विकास शर्मा, बाराको कलैया उपमहानगरपालिका ११ का २१ वर्षीय सिकेन्द्र साह तेली र बाराको खपरपाता निवासी २० वर्षीय रामविनेश महतोलाइ पक्राउ गरी पर्सा प्रहरीले सार्वजनिक गरेको छ।

## ■ ढिलासुस्तीले छोराको हत्या

अपरहण गरी हत्या गरिएका बालक करणका बुबा शम्भु साहले भने प्रहरीकै ढिलासुस्ती र लापरबाहीका कारण आफ्नो छोराको हत्या भएको आरोप लगाएका छन्। उनले भने, 'छोरा अपहरण भएको खबर पाएलगत्तै जिल्ला प्रहरी कार्यालय पर्सामा जानकारी गराए पनि छोराको खोजतलासका लागि प्रहरीले लापरबाही गरेका कारण अपहरणकारीले छोराको हत्या गरे।' नेपालकै चारवटा मोबाइल नम्बरबाट अपहरणकारीले आफूलाई फिरौतीका लागि फोन आउँदा पनि प्रहरीले अपहरणकारीलाई बेलैमा पक्राउ गर्न नसकेका कारण उनीहरूले छोराको हत्या गरेको उनले बताए।

पर्साका प्रहरी उपरीक्षक रेवती ढकालले जिल्ला प्रहरी कार्यालय पर्सा र बाराको संयुक्त टोलीले बालकको अपहरण र हत्यामा संलग्न तीनैजनालाइ मंगलबार नियन्त्रणमा लिएको पत्रकार सम्मेलनमा जानकारी दिए।

उनले प्रहरीलाई नै झुक्याई अपरहरणकारीमध्येका विकास र सिकेन्द्र भाग्न खोजेपछि प्रहरीले चार राउन्ड गोली हानेर दुवैलाई पुनः नियन्त्रणमा लिएको बताए।

## ■ फिरौती नदिँदा हत्या

गत शुक्रबार बिहान बालक बेपत्ता भएकै दिन बेलुकी ९ बजेर २१ मिनेटमा नचिनेको मान्छेले बालकका बुबा शम्भुलाई फोन गरी ३० लाख फिरौती मागेका थिए। बालकको अपहरणपछि अपहरणकारीले सुरुमा ३० लाख फिरौती मागेको, तर त्यति पैसा नभएको भन्दै पाँच लाख मात्रै दिन सहमत भएका थिए। फिरौती रकम दिएपछि मात्रै बालक फिर्ता दिने अडान अपहरणकारीले लिएपछि शम्भुले प्रहरीलाई खबर गरेका थिए।


## पाँचखाल नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
### पाँचखाल ,काभ्रेपलान्चोक
### ३ न प्रदेश ,नेपाल

## बोलपत्र स्वीकृत गर्ने आसयको सुचना

प्रकाशित मिति : २०७६/०२/१६

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धि सुचना र तत्पश्चात रीतपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सुचना प्रकाशित गरिएको छ ।

| सि न | ठेक्का न/.विवरण | बोलापत्रदाता | कबोल अंक (VAT बाहेक ) |
|---|---|---|---|
| १ | PM/RC/02/075/076<br>SAMAJKALYAN – ANAIKOT TOURISM ROAD IMPROVEMENT | SUGAM ENGINEERING AND CONSTRUCTION, GOTHATAR,BHAKTAPUR | ने रु १,२०,३१,७५९.४६/- |
| २ | PM/RC/03/075/076<br>NAYABATO- CHISAPANI ROAD IMPROVEMENT | SUGAM ENGINEERING AND CONSTRUCTION, GOTHATAR,BHAKTAPUR | ने रु १,२४,५१,५१३.३३/- |

प्रमुख प्रशाशकीय अधिकृत